नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३५ अंक ११७ २०८२ साल मंसिर १९ गते शुक्रबार (5 Dec 2025 Friday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

यस अंक भित्र : २ पृष्ठमा : धानको कुन्यूसँगै जल्या.. ३ पृष्ठमा : अबदेखि रत्नपार्कमा निःशुल्क... ३ पृष्ठमा : पुटिन-ट्रम्प प्रतिनिधिमण्डल...

## खेतमा काटेको धान रुग्न बसेका बृद्धको हात्तीको आक्रमणबाट मृत्यु

## हात्तीको आक्रमणमा ८ वर्षमा एक दर्जन बढीको मृत्यु



**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

सप्तरीमा बुधवार मध्यरात कोशी टप्पु बन्यजन्तु आरक्ष क्षेत्रबाट निस्केको जंगली हात्तीको आक्रमणले एक बृद्धको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको कंचनरुप नगरपालिका वडा नं. ५ निवासी ६५ वर्षिय नारायण खड्ग छन् ।

घर देखी करिब एक किलो मिटर टाढा रहेको खेतमा काटिएको धान रुग्न गएका बेला रातमा जंगली हात्तीले आक्रमण गरेको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

हात्तीको आक्रमणबाट घट्नास्थल मै मृत्यु भएका खड्गको शव पोष्टमार्टमका लागी राजविराजस्थित गजेन्द्रनारायण सिह अस्पताल ल्याइएको छ ।

यता कोशी टप्पु बन्यजन्त आरक्षबाट निस्कने जंगली हात्तीको आक्रमणबाट बर्षेणी २/३ जनाको ज्यान जाने गरेको स्थानीयले बताएका छन । मृत्यु भएका सबैलाई हात्तीले कुल्चेर मारेको स्थानीयको भनाइ छ ।

हात्तीको आक्रमणबाट ८ वर्षको अवधीमा कंचनरुप नगरपालिका ५ की ४५ वर्षिया दुर्गी देवी यादव, हनुमाननगर कंकालिनी नगरपालिकाका ५५ वर्षिय रघुनाथ खड्ग, ७० वर्षिय अलाउद्धिन खान, ६६ वर्षिय नारायण प्रमाणी, सप्तकोशी नगरपालिका १० की १३ वर्षिया संगिता कुमारी यादव, ६१ वर्षिय बिन्देश्वर चौधरी तथा सुरुङ्गा नगरपालिका ३ का ७० वर्षिय सीताराम लगायत गरी एक दर्जन बढीले ज्यान गुमाई सकेका छन ।

हात्ती आक्रमणबाट त्रसित र पीडितले नियन्त्रणको माग गर्दै त्यस क्षेत्रका बासिन्दाले पटक/पटक स्थानीय प्रशासन र आरक्ष प्रशासनलाई ज्ञापन पत्र बुझाए पनी ठोस पहल हुन नसकेको स्थानीयको गुनासो छ ।

२०६९ साल मै आरक्षको सीमालाई सोलार फेजिट गर्ने र सुरक्षाका लागी पूर्ण रुपमा घेरबार गर्ने आरक्ष प्रशासक, सुरक्षा निकाय तथा राजनीतिक दलका प्रतिनीधीहरुको उपस्थितीमा निर्णय गरिएको थियो । तर सो निर्णय हाल सम्म कार्यान्वयन नभएको हात्ती पीडितहरुको गुनासो छ ।

## भारतसँग जोडिएको सप्तरीका सीमानाकामा सुरक्षा चेकजाँच कडा

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

भारतसँग जोडिएको सप्तरीका सीमानाकामा सुरक्षा चेकजाँच कडा पारिएको छ । जिल्लामा खुला सीमानाका रहेको कारण सीमावर्ती नाकाहरुबाट लुकीछिपीअवैध ढंगबाट विदेशी नागरिकहरु जिल्ला भित्र प्रवेश गर्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै सुरक्षा कडा पारिएको हो ।

७८ किलोमिटर खुला सिमाना रहेका कारण सीमावर्ती नाकाहरु हुँदै लुकीछिपी वा अवैध रूपमा विदेशी नागरिकहरू जिल्लाभित्र प्रवेश गर्न सक्ने जोखिम बढेकोले सुरक्षा व्यवस्था कडा पारिएको प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलले जानकारी दिएका छन् ।

मंसिर १४ गते आईतबार बसेको सुरक्षा समितिको बैठकले गरेको बिभिन्न आठ बुदे निर्णय सार्वजनिक गर्दै उनले जिल्ला भरीका सबै सीमावर्ती क्षेत्र, बजार तथा समुदायस्तरमा बिशेष निगरानी र कडा चेकजाँच सुरु गरिएको बताए ।

सुरक्षा निकायले सर्बसाधारण आवतजावत क्षेत्रमा समेत ध्यानपुर्वक निरीक्षण गरिरहेको भन्दै, त्यस्ता शंकास्पद व्यक्तिहरू समुदायमा समेत प्रवेश गर्न सक्ने अवस्था रहेकाले सबै पक्षलाई सचेत रहन प्रशासन कार्यालय सप्तरीले जारी गरेको सुचनामा भनिएको छ ।

## एक सयभन्दा ठूला दरका भारतीय नोट नेपाल ल्याउन र लैजान पाउने

**दैनिक समाचारदाता**
**काठमाडौं, १८ मंसिर ।**

भारतको केन्द्रीय बैंक रिजर्भ बैंक अफ इन्डिया (आरबीआई) ले एक सयभन्दा ठूला दरका भारतीय नोट नेपाल ल्याउन र लैजान पाउने व्यवस्था गरेको छ ।

आरबीआईले बिदेशी बिनिमय व्यवस्थापन नियमाबली २०१५ संशोधन गर्दै ठूला दरका नोट पनि नेपाल भारत ल्याउन/लैजान पाउने व्यवस्था गरेको हो ।

आरबीआईले गरेको नयाँ व्यवस्था अनुसार १ सय भारुसम्मका नोटमा जतिसुकै रकम पनि भारत भित्र्याउन वा भारतबाट नेपाल ल्याउन पाइने व्यवस्था छ । यसमा कुनै सीमा तोकिएको छैन ।

तर, १ सयभन्दा माथिका नोटका हकमा भने २५ हजार भारुसम्म भारतबाट नेपाल ल्याउन वा लैजान पाइने व्यवस्था आरबीआईले गरेको छ ।

ठूला दरका भारतीय नोट यात्रा गर्नेले नै बोकेर ल्याउन पाउने तर पठाउन भने नपाउने व्यवस्था पनि आरबीआईले गरेको छ ।

यसभन्दा अघि ठूला दरका भारतीय नोट नेपाल ल्याउन पाइए पनि नेपालबाट भारतमा लैजान पाउने व्यवस्था थिएन ।

भारतले सन् २०१६ मा ठूला दरका भारु नोटबन्दी गरेको थियो । त्यसपछि ठूला दरका नोट नेपाल ल्याउन/लैजान बन्देज थियो । नेपालले पनि यहाँ रहेका ठूला दरका भारु सटही नदिएपछि नेपालले पनि १ सयभन्दा बढीका भारु चलनचल्तीमा बन्देज लगाएको थियो ।

## अर्ना मारेको अभियोगमा दुई युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १८ मंसिर ।**

जंगली अर्ना मारेको आरोपमा दुई युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको कंचनरुप नगरपालिका ५ का १६ वर्षिय सुन्दर सरदार र उनका साथी शम्भुनाथ नगरपालिका ५ का १९ वर्षिय सागर सरदार छन् ।

जंगली अर्ना मारेको गोप्य सूचनाको आधारमा बुधबार साँझ पुगेको कोशी टप्पु बनयजन्तु आरक्षका कर्मचारी, सुरक्षाकर्मी र सेनाको संयुक्त टोलीले उनीहरुलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय कंचनपुरका प्रहरी नायब उपरिक्षक माधवप्रसाद काफ्लेले जानकारी दिए । उनीहरु कंचनरुप नगरपालिकाको पिपराही बन क्षेत्र नजिकबाट पक्राउ परेका हुन् ।

स्थानीय सत्य नारायण सरदारको घर बारीमा परालले छोपेको अवस्थामा अर्नाको छाला, खुट्टा र हड्डीहरु बरामद भएको भन्दै नियन्त्रणमा लिईएका दुबैजनालाई अनुसन्धानका लागि कोशी टप्पु बन्यजन्तु आरक्ष लगिएको प्रहरी नायब उपरिक्षक काफ्लेले बताए ।

**अपाङ्गता भएका व्यक्तिलाई समान अवसर र सम्मान दिऔं।**

अपाङ्गता भएका व्यक्तिलाई:
- ❖शिक्षा, रोजगारीलगायतमा समान अवसर सुनिश्चित गरौं,
- ❖सार्वजनिक भवन, कार्यालय र सडकहरू पहुँचयोग्य बनाऔं,
- ❖अपाङ्गमैत्री शब्द प्रयोग गरौं,
- ❖अपाङ्गता भएका व्यक्तिलाई सम्मान र सहयोग गरौं,
- ❖उनीहरुलाई दया होइन अधिकार दिऔं,
- ❖नीतिगत निर्णयहरुमा सहभागी गराऔं,

अपाङ्गता दिवस, २०८२ भव्यरुपमा मनाऔं,
समान अधिकार र अवसर प्रदान गरी समावेशी नेपालको परिचय दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### क्रिकेटमा नेपालको उपलब्धि

नेपालमा क्रिकेट अब केवल खेल मात्र नभएर राष्ट्रिय पहिचान र गौरवको प्रतीक बन्दै गएको छ। फुटबल र भलिबलजस्ता खेलमा सीमित रहँदै आएको खेल संस्कृति आज क्रिकेटतर्फ तीव्र रूपमा आकर्षित भएको छ। अन्तर्राष्ट्रिय रंगशालामा नेपाली झण्डा फहराँदा करोडौं नेपालीको छाती गर्वले फुल्ने अवस्था बनेको छ। लामो समयसम्म उपेक्षित अवस्थामा रहेको क्रिकेटले पछिल्ला वर्षमा उल्लेखनीय प्रगति गरेको छ। एसोसिएट राष्ट्रका रूपमा नेपालले विश्व क्रिकेटमा आफ्नो उपस्थिति मजबुत बनाएको छ। युवा खेलाडीहरूको उत्साह, समर्थकको व्यापक साथ र सामाजिक सञ्जालद्वारा फैलिएको क्रिकेट क्रेजले नेपाली क्रिकेटलाई नयाँ उचाइमा पुऱ्याएको छ।

पुर्वाधारको कमीले ग्रामीण क्षेत्रका प्रतिभावान खेलाडीहरू पर्याप्त अवसर पाउन सकिरहेका छैनन्। नेपाल क्रिकेट संघ (क्यान) ले पारदर्शिता, दीर्घकालीन योजना र व्यावसायिक सोचका साथ अघि बढ्न सक्ने हो भने नेपाली क्रिकेटले अझ ठूलो फड्को मार्न सक्छ। विद्यालय स्तरदेखि नै क्रिकेटको संरचना विकास, प्रशिक्षक तालिम, महिला क्रिकेट प्रवर्द्धन र अन्तर्राष्ट्रिय प्रतियोगितामा निरन्तर सहभागिताले मात्र नेपाली क्रिकेटलाई दिगो सफलता दिलाउन सक्छ।

तसर्थ नेपालमा क्रिकेट अब खेलभन्दा बढी आशा, सम्भावना र गर्वको कथा बनेको छ। सही नीति, इमानदार नेतृत्व र खेलाडमा अझ बढी लगानी गर्न सके भविष्यमा नेपालले विश्व क्रिकेटमा उदाहरणीय स्थान बनाउन सक्ने कुरामा दुईमत नहोला।


डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# धानको कुन्यूसँगै जल्यो मुसहर परिवारको सपना

**सुदिप राउत**

सिरहा, १८ मंसिर (रासस)।

सिरहाको धनगढीमाई–३ कुर्वा गाउँको सानो मुसहर बस्तीमा यतिबेला सन्नाटा छाएको छ। जाडो मौसमसँगै बिहानीको हावा जति चिसो छ, बस्तीको रमेशी सदायको मन त्यसभन्दा धेरै चिसिएको छ। बुधबार दिउँसो घर आँगनको छेउमा चुपचाप बसिरहेका उहाँ वर्षभरि पसिना बगाएर फलाएको धान एकैरातमा खरानी बनेको क्षण सम्झिँदै टोलाइरहनुभएको थियो।



पाँच जनाको परिवार रहेको ७२ वर्षीय रमेशी र उहाँको घरपरिवारका आँखा चार दिनसम्म पनि ओभाएको सकेको छैन। अज्ञात समूहले शनिबार खेतमा रहेको कुन्यूमा आगजनी गरेपछि विपन्न मुसहर परिवारमाथि बज्रपात परेको छ।

करिब १४ क्विन्टल धान जलेर खरानी भएपछि सदाय परिवारको वर्षभरिको अन्नको जोहो गर्ने सपना पनि खरानी भएको छ। मानो रोपेर मुरी उब्जाएको त्यो अन्नसँग वर्षभरि पेट पाल्ने आशा पनि थियो। खडेरीका बेला अतिरिक्त पैसा तिरेर सिँचाइ गरी दुई दिन लगाएर छोरा-बुहारीसहित काटेको धान भित्र्याउन नपाउँदै मध्यरातमा कसैले आगो लगाएपछि धानसँगै यो परिवारको सपना पनि जलेको हो।

"खडेरीका बेला अतिरिक्त रकम तिरेर छिमेकीको बोरिङबाट सिँचाइ गरेँ। दुःख गरेर रोपेको धान भित्र्याउन नपाउँदै एकैरातमा खरानी बनाइयो", एकछिन आवाज अवरुद्ध गर्दै सदायले भन्नुभयो, "अब हामी के खाएर बस्ने ? हामीले कसको के बिगारेका थियौं र ? गरिबको हातले उब्जाएको अन्नको के दोष थियो ? नाति, छोराबुहारीसहित पाँच जनाले वर्षदिन खाने अन्न नै जलाइदिएर हामी गरिबमाथि ठूलो अन्याय गरे।"

सदायकी श्रीमती भुल्लीदेवी सदायका अनुसार १३० वटा बोझा (बिटा) बनाएर त्रिपाल बिछ्याई धानको कुन्यू लगाइएको थियो। आठ कट्ठा खेतको करिब १६ क्विन्टल धान भित्र्याउन नपाउँदै जलेर नष्ट भएको उहाँले बताउनुभयो।

बाबुआमासँग बस्दै आएका कान्छा छोरा लाले सदाय पनि दुःख गरेर फलाएको धान भित्र्याउन नपाउँदै शत्रु लागेको बताउनुहुन्छ। "साँझ पर्न लागेकाले कुन्यू बनाएर १३० बोझा राखेका थियौं। भोलिपल्ट बोरामा हालेर घर ल्याउने तयारी थियो, तर बिहान पुग्दा एक गेडा धान पनि बाँकी रहेन। मान्छेले कसरी यस्तो गर्न सक्छ ? यो प्रश्नले रात-दिन सताइरहेको छ", उहाँले भन्नुभयो,"त्यो १६ क्विन्टल धान अन्न मात्र थिएन, त्योसँग वर्षभरिको पराल, गुइँठा, चामल, चाडपर्व, छोरोको शैक्षिक खर्च जस्ता थुप्रै योजनाहरू जोडिएका थिए।"

सदाय परिवारले आगलागी भएको कुन्यू नजिकै मदिरा पसल चलाउने आशाकुमार रायसहित अन्य केही व्यक्तिविरुद्ध भोलिपल्टै प्रहरीमा उजुरी दिएपछि घटनाको अनुसन्धान भइरहेको छ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक रमेशबहादुर पालका अनुसार स्थानीय प्रहरी टोलीले घटनास्थलमा पुगेर कागजी प्रमाणसहित सूक्ष्म अनुसन्धान गरिरहेको छ। "धनगढीमाईस्थित इलाका प्रहरी कार्यालयमा कुर्वा गाउँका आशङ्का गरिएका पाँच जनालाई बोलाई सोधपुछ गरिएको छ र उनीहरूलाई दैनिक हाजिरीमा राखिएको छ", उहाँले भन्नुभयो।

धनगढीमाई-३ का वडाध्यक्ष वीरेन्द्रकुमार साह विपन्न मुसहर परिवारले उब्जाएको धानमा गरिएको आगजनीलाई अक्षम्य अपराध भएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "जो-जसले गरे पनि गरिबको पेट जलाउनु अक्षम्य अपराध हो। जस्तोसुकै रिसइवी भए पनि खाने अन्न जलाउनु हुँदैनथ्यो। प्रहरीले जसरी भए पनि अपराधी पत्ता लगाएर कारबाही गर्नुपर्छ र पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्छ।"

वडाध्यक्ष साहका अनुसार नगरप्रमुख शिव शङ्कर महतोसहितको टोलीले घटनाको भोलिपल्ट घटनास्थल निरीक्षण गरेको थियो। त्यस क्रममा नगरप्रमुख महतोले पीडितलाई उचित राहत उपलब्ध गराउने आश्वासन दिनुभएको थियो।

सदाय परिवारले पनि यो पीडालाई केवल अन्न जलन मात्र होइन, विपन्नतामाथि भएको निर्मम प्रहारको रूपमा लिएको छ। यो परिवार घटनामा जोडिएका व्यक्तिलाई कारबाही, सम्बन्धित निकायबाट तत्काल राहत र न्यायको पर्खाइमा छ।

# लामो दूरीका रात्रि तथा दिवा सेवाका गाडी बसपार्कबाट मात्रै छुट्ने

काठमाडौं, १८ मङ्सिर (रासस)।

काठमाडौं उपत्यकामा दिनहुँ बढ्दो ट्राफिक जाम नियन्त्रण गर्न ट्राफिक प्रहरीले कडाइका साथ नयाँ व्यवस्था लागू गरेको छ।

अबदेखि उपत्यकाभित्र सञ्चालन हुने सबै लामो दूरीका रात्रि तथा दिवा सेवाका सार्वजनिक सवारी साधन अनिवार्य रूपमा तोकिएको बसपार्कबाट मात्रै छुट्नुपर्ने व्यवस्था लागू गरिएको छ।

लामो दूरीका सवारी साधनले पछिल्ला दिनमा स्थानीय सवारी साधन (लोकल बस) जस्तै जथाभावी सडकको किनारमै थामेर यात्रु चढाउने-ओराल्ने कार्य बढाएको पाइएकाले यसले विशेषगरी 'पिक आवर'मा सडकमा गम्भीर जाम सिर्जना हुँदै आएको उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक नरेशराज सुवेदीले राससलाई जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "राजधानीका सडकमा अत्यधिक भिडभाड तीव्र गतिमा बढिरहेका छन्, लामो दुरीका गाडीहरूले नियमविपरीत सडक रोकेर यात्रु उठाउने-झार्ने कार्यले जामलाई अझै चर्काएको छ, त्यसैले अब सबै गाडी बसपार्कबाट मात्रै छुट्नुपर्ने व्यवस्था लागू गरिएको हो।"

यसैगरी लामो दूरीका गाडीलाई दिइँदै आएको बाटो इजाजतपत्रसमेत पुनरावलोकन गर्नुपर्ने आवश्यकता देखिएकाले ट्राफिक कार्यालयले सम्बन्धित निकायसमक्ष आवश्यक पहलका लागि अनुरोध गरिसकेको प्रवक्ता सुवेदीले बताउनुभयो। "ट्राफिक जामका कारण नागरिकको दैनिकीमा सिधा असर पर्ने भएकाले यसको दीर्घकालीन समाधानका लागि सबै सरोकारवाला निकायको समन्वय अपरिहार्य रहेको छ", उहाँले भन्नुभयो।

ट्राफिक प्रहरीले सडक अनुशासन मजबुत बनाउन विभिन्न कडाइ पनि अघि सार्दै आएको छ। रातो बत्ती उल्लङ्घन गर्ने, लेन क्रस गर्ने, तीव्र गतिमा सवारी साधन चलाउने तथा मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने चालकलाई अनिवार्य रूपमा सचेतना कक्षा दिन थालिएको कार्यालयले जनाएको छ। चालकमा जिम्मेवार व्यवहार विकास गर्ने उद्देश्यले यी कक्षालाई अझ प्रभावकारी बनाउन पनि योजना बनाइएको जनाइएको छ।

यसबाहेक सेवाग्राहीका लागि अनलाइन सचेतना कक्षा पनि सञ्चालनमा ल्याइएको छ। यस सेवाको प्रयोग गर्न मोबाइल एप प्रयोग गर्दै आएका चालक तथा सेवाग्राहीले पहिले 'इन्स्टल' गरेको एप्लिकेसनलाई एक पटक 'अनइन्स्टल' गरी पुनः इन्स्टल गर्नुपर्ने प्रवक्ता सुवेदीले बताउनुभयो।

उहाँका अनुसार नयाँ प्रणालीमार्फत घरमै बसेर कक्षा लिन सकिने भएकाले यसले सेवाग्राहीलाई थप सहजता दिने अपेक्षा गरिएको छ। नयाँ व्यवस्था कार्यान्वयन भएपछि उपत्यकामा देखिँदै आएको अव्यवस्थित पार्किङ, अनावश्यक रोकावट तथा यात्रु व्यवस्थापनमा उल्लेखनीय सुधार आउने विश्वास लिइएको प्रवक्ता सुवेदीको भनाइ छ। उपत्यकाको ट्राफिक व्यवस्थापनलाई सुदृढ बनाउन र नागरिकलाई सहज आवागमन उपलब्ध गराउन ट्राफिक प्रहरी निरन्तर सक्रिय रहेको जनाइएको छ।

# अबदेखि रत्नपार्कमा निःशुल्क इन्टरनेट चलाउन पाइने

काठमाडौं, १८ मङ्सिर (रासस)।

काठमाडौंको रत्नापार्कमा जाडो याममा घाम ताप्दै निःशुल्क इन्टरनेट चलाउन पाइने भएको छ। कुनैबेला अस्तव्यस्त फुटपाथ भएको क्षेत्रका रुपमा स्थापित (शंखधर उद्यान) रत्नपार्क व्यवस्थित बनेसँगै निःशुल्क वाइफाइ सेवासमेत जडान सुरु गरिएको छ।

महानगरपालिका अन्तर्गतको हरियाली प्रवर्द्धन आयोजनाले नेपाल टेलिकमका छ वटा राउटर ल्याएर रत्नापार्कमा निःशुल्क वाइफाइ जडानको काम गरिरहेको छ। शंखधर उद्यान तथा रानीपोखरी एकाइका टेक्निसियन सुरेशकुमार श्रेष्ठ मङ्सिरभित्रै रत्नपार्कको सबै स्थानमा निःशुल्क इन्टरनेट सेवा प्रदान गरिने बताउनुहुन्छ।

“निःशुल्क वाइफाइका लागि नेपाल टेलिकमका छ वटा राउटर ल्याएर ५०० एमविपिएस क्षमताको इन्टरनेट जडान कार्य भइरहेको छ, चाँडै नै रत्नापार्कभित्र छिर्ने सर्वसाधारणले घाम ताप्दै निःशुल्क इन्टरनेट सेवा लिन सक्नेछन्”, उहाँ भन्नुहुन्छ।

अव्यवस्थित रत्नापार्कलाई काठमाडौं महानगरपालिकाले आर्थिक वर्ष २०७२/७३ मा करिब रु ८० लाखको लागतमा पुनःनिर्माण र व्यवस्थापन गरेपछि रत्नपार्कको मुहार फेरिएको छ भने अहिले रत्नपार्कभित्र छिर्ने सर्वसाधारणको सङ्ख्यासमेत बढेको छ।

काठमाडौं महानगरपालिकाले रत्नापार्कलाई व्यवस्थित बनाएसँगै अहिले रत्नपार्कमा वृद्धवृद्धा घाम ताप्नदेखि युवायुवती तस्बिर खिच्न र रमाउन पुग्ने गरेका छन्। महानगरपालिकाअन्तर्गतको हरियाली प्रवर्द्धन आयोजनाद्वारा हाल सञ्चालनमा रहँदै आएको रत्नपार्कलाई शङ्खधर पार्कका रूपमा समेत चिनिँदै आएको छ। महानगरपालिकाले विसं २०७२ असार १५ देखि रत्नपार्क प्रवेशमा शुल्क लिने व्यवस्था गरेको थियो।

रत्नपार्कभित्र छिर्नका लागि हाल विद्यार्थीलाई रु २०, सर्वसाधारणलाई रु ३० र सार्क राष्ट्र तथा विदेशी पर्यटकलाई रु १०० लाग्ने गरेको छ। यस्तै व्यक्तिगत क्यामेरा लिएर भित्र प्रवेश गर्नेले रु १००, दोहोरी गीत म्युजिक भिडियो सुटिङ गर्न जानुपरेमा रु पाँच हजार, विवाह फोटो सुटका लागि रु ५००, व्यावसायिकरूपमा फोटो खिच्नेले रु एक हजार ५०० र सांस्कृतिक पोशाक झल्काउन जानेले रु १०० शुल्क तिनुपर्ने व्यवस्था रहेको छ। महानगरले रत्नपार्कबाट हाल वार्षिक रु ५० लाखदेखि एक करोडसम्म आम्दानी गर्दै आएको छ।

शंखधर उद्यान तथा रानीपोखरी एकाइका प्रमुख उत्तमकुमार घले पछिल्लो समय रत्नपार्क छिर्नेको सङ्ख्या बढेको बताउनुहुन्छ। रत्नपार्कभित्र चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्म ६१ हजार ५३७ जना प्रवेश गरेका छन्। तीमध्ये १२ हजार ८५० विद्यार्थी र ४८ हजार ६८७ रहेका छन्।

ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र एकल महिलालाई रत्नापार्क प्रवेशमा शुल्क लाग्दैन। महानगरपालिकाले चालू आर्थिक वर्षको साउनदेखि कात्तिक मसान्तसम्मको चार महिनामा रु १८ लाख १४ हजार ४१० राजश्व सङ्कलन गरेको छ।

महानगरले रत्नपार्कभित्र क्यामरा लगेवापतको शुल्क रु दुई हजार ६००, व्यवसायिक रिलवापत रु एक हजार ५००, सर्वसाधारण प्रवेश शुल्क रु १४ लाख ६० हजार ६१०, विद्यार्थी प्रवेश शुल्क रु दुई लाख ५७ हजार, दोहोरी गीत म्युजिक भिडियो सुटिङवापत रु सात हजार, पर्यटक प्रवेश शुल्कवापत रु ७१ हजार ५००, ड्राइफुड पिकनिकवापत रु चार हजार २००, चलचित्र सुटिङवापत रु १० हजार आम्दानी गरेको छ।

रत्नपार्कमा हाल दैनिक ५०० देखि एक हजार व्यक्ति घुम्नका लागि आउने गरेका छन्। शनिबार र बिदाको दिनमा भने त्योभन्दा धेरै हुने गरेको उद्यानका प्रमुख घले बताउनुहुन्छ। रत्नपार्कभित्र मानिस घाम तापेर सुखदुःखका गफ गर्ने, स्कुलका विद्यार्थीले खेल्ने, युवायुवती फोटो खिच्न तथा रमाउनका लागि आउने गरेका छन्।

रत्नपार्कभित्र बस्नका लागि सेट बक्स र कुर्सीको व्यवस्था गरिएको छ। यहाँ सार्वजनिक शौचालयसमेत रहेको छ। यस्तै पार्कभित्र शंखधरको सालिक, पद्मरत्न तुलाधरको सालिक, युनिगार्डेनलगायत रहेको छ।

उद्यानका प्रमुख घले रत्नपार्कभित्र हाल पानीको अभाव रहेकाले बोटविरुवा संरक्षणमा समस्या परेको बताउनुहुन्छ। पानी ट्यांकरमा ल्याएर फूल तथा बोटविरुवालाई हाल्नुपर्ने अवस्था आएको उहाँको भनाइ छ। उक्त उद्यानमा चाँडै नै पानीको फोहोरासमेत सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

# काँकरभिट्टाबाट चार महिनामा ६ अर्बको पेट्रोलियम पदार्थ आयात

झापा, १८ मङ्सिर (रासस)।

चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो चौमासिकमा पूर्वीनाका काँकरभिट्टाबाट रु छ अर्ब दुई करोडभन्दा बढीको पेट्रोलियम पदार्थ आयात भएको छ। यहाँबाट रु छ अर्ब दुई करोड ७६ लाख ४५ हजार मूल्य बराबरको पेट्रोल, डिजेल, एलपी ग्यास, एटिएफ, मट्टितेल आयात गरिएको हो।

मेची भन्सार कार्यालयका सूचना अधिकारी एवं भन्सार अधिकृत ईश्वरकुमार हुमागाईंका अनुसार अघिल्लो आव २०८१/८२ को सोही अवधिको तुलनामा रु ११ करोड ९२ लाख ५४ हजार अर्थात् दुई दशमलव ०१ प्रतिशतले पेट्रोलियम पदार्थको आयातमा वृद्धि भएको छ। आयात बढेसँगै पेट्रोलियम पदार्थबाट प्राप्त राजस्व दुई दशमलव ९० प्रतिशत अर्थात् रु आठ करोड ४१ लाख २२ हजारले बढेको सूचना अधिकारी हुमागाईंले जानकारी दिनुभयो।

चालु आवको चार महिनामा पेट्रोलियम पदार्थ आयातबाट रु दुई अर्ब ९६ करोड ८१ लाख ४५ हजार राजस्व सङ्कलन भएको छ। उक्त अवधिमा रु तीन अर्ब १० करोड ५४ लाख मूल्य पर्ने ३५ हजार १५६ किलोलिटर पेट्रोल आयात भएको थियो।

यसैगरी रु एक अर्ब ७४ करोड ६८ लाख मूल्य पर्ने १८ हजार ४०८ किलोलिटर डिजेल आयात भएको छ।

यस्तै, उक्त चार महिनाको अवधिमा रु ८२ करोड ६३ लाख मूल्य पर्ने आठ हजार ५५७ मेट्रिक टन एलपी ग्यास, रु २६ करोड ३३ लाख मूल्य पर्ने दुई हजार ९०८ किलोलिटर एटिएफ र रु चार करोड ६१ लाख मूल्य पर्ने ५०८ किलोलिटर मट्टितेल आयात भएको छ।

# स्थायी बसोबासका लागि सङ्घर्ष गर्नेको कथामा आधारित ‘पिआर’

काठमाडौँ, १८ मङ्सिर (रासस)।

अस्ट्रेलियामा स्थायी बसोबासका लागि सङ्घर्ष गर्ने नेपालीको कथामा आधारित मनोरञ्जनात्मक एवं सन्देशमूलक चलचित्र ‘पिआर’ यही मङ्सिर २६ गतेदेखि हेर्न पाइने भएको छ।

निर्देशक शोभित बस्नेतले निर्देशन गर्नुभएको सो चलचित्रले सुन्दर भविष्यको सपना बोकेर विदेश जाने नेपालीको सङ्घर्ष, भोगाइ र मेहनतलाई उजागर गर्न सक्दो प्रयास गरेको छ।

निर्देशक बस्नेतले भन्नुभयो, “यो चलचित्रको कथाले विदेशमा रहेका नेपालीजनले विदेश पुग्न जति सङ्घर्ष गर्नुपर्छ, त्यहाँ स्थापित हुन् पनि त्यत्तिकै मेहनत गर्नुपर्छ। हामीले यस चलचित्रमा अस्ट्रेलियाको कथा समावेश गरेका छौँ, अन्य देशमा जानेको पनि हालत यस्तै हो, यसले विदेशिने सबैलाई समेट्छ, समग्रमा कथावस्तु राम्रो र सन्देशमूलक छ।”

चलचित्रकी अभिनेत्री विनिता कार्कीले आफ्ले विद्यार्थीका रुपमा अस्ट्रेलियामा भोगेको समस्यालाई चलचित्रको कथामा पाएको बताउनुभयो। “मैले विद्यार्थीका रुपमा जे भोगेँ वा सङ्घर्ष गरेँ, त्यही कथावस्तुलाई नै चलचित्रमा देखाइएको छ। यो अस्ट्रेलियामा रहेका नेपाली विद्यार्थीको कथा लागेता पनि हरेक देश पुग्ने कै व्यथा यस्तै छ”, अभिनेत्री कार्कीले स्पष्ट गर्नुभयो।

चलचित्रमा अभिनेत्री कार्कीसँगै सुरज पौडेल, राजन कुँवर, पुजा चौधरी, आश्मा अधिकारी, विमला खत्री, गणेश बुढाथोकी, म्याक्स कृष्ण थापा, नवीन घायल, नीर शाह, गौरी मल्ल, रवीन्द्र खड्का, उत्तम केसी नेपाल, दिक्पाल कार्कीलगायतका कलाकारले अभिनय गर्नुभएको छ। उक्त चलचित्र मङ्सिर २६ गतेदेखि नेपालसँगै अस्ट्रेलियामा प्रदर्शन हुने निर्देशक बस्नेतले जानकारी दिनुभयो।

# एमालेमा नीति र नेतृत्वका विषयमा विवाद छैन : उपमहासचिव रिमाल

काठमाडौं, १८ मङ्सिर (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का उपमहासचिव विष्णुप्रसाद रिमालले पार्टीको आसन्न ११औं राष्ट्रिय महाधिवेशनमा नीति र नेतृत्वका विषयमा कुनै विवाद नहुने बताउनुभएको छ।

प्रेस चौतारी नेपालद्वारा बिहीबार आयोजित संवाद कार्यक्रममा उपमहासचिव रिमालले लामो इतिहास र सङ्घर्ष हुँदै अन्तरपार्टी लोकतान्त्रिक अभ्यासबाट अघि बढेको पार्टी भएकाले स्वच्छ प्रतिस्पर्धा भएमा अस्वाभाविक मान्न नपर्ने बताउनुभयो। “पार्टीभित्र नीतिको प्रश्नमा कुनै विवाद छैन। हामी जनताको बहुदलीय जनवादको मार्गदर्शनमा समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय गन्तव्य लिएर हिँडेका छौं। यही स्थिर नीति र राष्ट्रवादी अडानका साथ मुलुकलाई नै नेतृत्व गर्न सक्ने

*बाँकी अन्तिम पृष्ठमा*

## विश्व समाचार

### पुटिन-ट्रम्प प्रतिनिधिमण्डल वार्तामा ‘युद्ध अन्त्यको सङ्केत’

वासिङ्टन, १८ मङ्सिर (रासस/एएनआई)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बिहीबार युक्रेन शान्ति प्रस्तावका विषयमा मस्कोमा भएको उच्चस्तरीय भेटवार्ताले रुसी राष्ट्रपति भ्लादिमिर पुटिन ‘युद्ध अन्त्य गर्न इच्छुक’ रहनुभएको धारणा दिएको बताउनुभएको छ। बुधबार अमेरिकी विशेष दूत स्टिभ विटकफ तथा राष्ट्रपति ट्रम्पका ज्वाइँ जारेड कुशनरले मस्कोमा राष्ट्रपति पुटिनसँग पाँच घण्टा लामो विस्तृत वार्ता गर्नुभएको थियो। उक्त छलफल सन् २०२२ फेब्रुअरीमा सुरु भएको रुस-युक्रेन द्वन्द्वलाई अन्त्यतिर लैजान केन्द्रित थियो। ओभल अफिसमा पत्रकारहरूसँग कुरा गर्दै राष्ट्रपति ट्रम्पले भन्नुभयो, “पुटिनले हिजो जारेड कुशनर र स्टिभ विटकफसँग निकै सकारात्मक भेट गर्नुभयो। त्यसबाट के निष्कर्ष निस्किन्छ भन्ने अहिले भन्न सकिन्न, किनकि यस्तो प्रक्रियामा दुवै पक्षको बराबर प्रयास आवश्यक हुन्छ। तर हाम्रो प्रतिनिधिमण्डलले उहाँ युद्धको अन्त्यतिर लाग्नुभएको छ भन्ने अनुभूति लिएर फर्किएको छ।”

यद्यपि, क्रेमलिनका वरिष्ठ सल्लाहकार युरी उसाकोभले वार्तालाई ‘द्वन्द्व सुरु भएदेखि भएको सबैभन्दा व्यापक आदानप्रदान’ भने पनि मुख्य विषयमा कुनै ठोस सम्झौता नभएको पुष्टि गर्नुभयो। उहाँका अनुसार समाधानका सम्भावित मार्गहरूको विस्तृत समीक्षा भए पनि प्रमुख विवादहरू यथावत् रहे। “हामी अहिले पनि युक्रेन सङ्कट समाधानको नजिक पुगेका छैनौँ। अझ धेरै काम गर्न बाँकी छ”, उसाकोभले भन्नुभयो। उहाँका अनुसार चर्चाहरू राति ढिलोसम्म चले पनि ठोस प्रगति देखिएन। रुसी पक्षबाट लगानी दूत किरिल दिमित्रिभसहित वरिष्ठ अधिकारीहरूको सहभागिता रहेको उक्त वार्तामा अमेरिकाले नयाँ प्रस्तावहरू पेस गरेको पुष्टि गरिएको छ। तर युक्रेनी भूभागसँग सम्बन्धित जटिल मुद्दाहरू प्रमुख अवरोधका रूपमा रहिरहे।

उसाकोभका अनुसार दुवै पक्षले वार्ताको विवरण गोप्य राख्ने सहमति गरेका छन्। “छलफल गोप्य थियो र यसको सार हामी सार्वजनिक गर्दैनौँ”, उहाँले भन्नुभयो। यद्यपि, उहाँले कूटनीतिक संवाद निरन्तर हुने उल्लेख गर्दै पुटिनले विटकफमार्फत राष्ट्रपति ट्रम्पलाई ‘महत्त्वपूर्ण राजनीतिक सन्देशहरू’ पठाउनुभएको बताउनुभयो। “अमेरिकी टोलीले आफ्ना निष्कर्षहरू राष्ट्रपति ट्रम्पलाई पेश गर्नेछ र हामीसँग थप सम्पर्क हुनेछ”, उहाँले भन्नुभयो। अमेरिकी प्रतिनिधिमण्डलसँग भेटभन्दा केहीअघि पुटिनले युरोपेली संलग्नताप्रति असन्तुष्टि व्यक्त गर्दै युरोपेली सङ्घ (इयु) का सरकारहरूले शान्ति प्रक्रियालाई अवरुद्ध गर्ने उद्देश्यले प्रस्तावहरू अघि सारिरहेको आरोप लगाउनुभएको थियो।

### पुटिन भारतको राजकीय भ्रमणका लागि प्रस्थान

मस्को, १८ मङ्सिर (रासस/एएनआई)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिन आफ्नो दुई दिने राजकीय भारत भ्रमणका लागि आज मस्कोबाट प्रस्थान गर्नुभएको छ। उहाँको यो भ्रमण सन् २०२२ मा युक्रेन युद्ध सुरु भएपछिको पहिलो भारत यात्रा हो। पुटिनले यसअघि सन् २०२१ डिसेम्बरमा भारतको अन्तिम आधिकारिक भ्रमण गर्नुभएको थियो। यसपटकको भ्रमण प्रधानमन्त्री नरेन्द्र मोदीको औपचारिक निमन्त्रणामा भइरहेको हो। रुसी सञ्चारमाध्यमका अनुसार पुटिनसहितको उच्चस्तरीय प्रतिनिधिमण्डलले व्यापार, आर्थिक, वैज्ञानिक, प्राविधिक, सांस्कृतिक तथा मानवीय विषयमा सहयोग अभिवृद्धिका लागि विस्तृत छलफल गर्नेछ। साथै वर्तमान क्षेत्रीय तथा अन्तर्राष्ट्रिय मुद्दाहरू पनि मुख्य एजेन्डामा समेटिनेछन्। तास समाचार एजेन्सीका अनुसार भ्रमणका क्रममा १० वटा अन्तरसरकारी दस्तावेज र १५ भन्दा बढी द्विपक्षीय सम्झौता तथा दुई देशका व्यापारिक तथा गैर-व्यावसायिक निकायबीचका ज्ञापनपत्रहरू हस्ताक्षरका लागि तयारी अवस्थामा छन्। राष्ट्रपति पुटिन आज साँझ २३औं भारत-रुस वार्षिक शिखर सम्मेलनमा सहभागी हुन नयाँदिल्ली आइपुग्ने कार्यक्रम छ। प्रधानमन्त्री मोदीले उहाँको सम्मानमा निजी रात्रिभोजको आयोजना गर्ने तयारी गर्नुभएको छ। डिसेम्बर ५ अर्थात शुक्रबार राष्ट्रपति पुटिनले राष्ट्रपति भवनमा औपचारिक स्वागत तथा त्रिसेवा गार्ड अफ अनर प्राप्त गर्नुहुनेछ। त्यसपछि उहाँले राजघाट पुगेर महात्मा गान्धीको स्मारकमा श्रद्धाञ्जलि अर्पण गर्ने कार्यक्रम छ।

दुवै देशका नेता हैदराबाद हाउसमा सीमित स्वरूपमा द्विपक्षीय वार्ता गर्दै त्यसपछि आ-आफ्ना प्रतिनिधिमण्डलसहित व्यापक छलफलमा सहभागी हुनुहुनेछ। अपेक्षा गरिएअनुसार व्यापार, अर्थतन्त्र, कृषि तथा शिक्षा क्षेत्रमा सहकार्यका बिषयलाई प्राथमिकता दिइनेछ। भारतको बिदेश मन्त्रालयले पुटिनको भ्रमणले द्विपक्षीय सम्बन्धको प्रगतिमा समग्र समीक्षा गर्ने, ‘विशेष तथा विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी’ सुदृढ पार्ने तथा आपसी हितका क्षेत्रीय-वैश्विक विषयमा विचार आदानप्रदान गर्ने अवसर प्रदान गर्ने जनाएको छ। पुटिनको भ्रमणअघि रुसका प्रथम उपप्रधानमन्त्री तथा भारत-रुस अन्तरसरकारी आयोगका सह-अध्यक्ष डेनिस मान्टुरोभले यस यात्रालाई दुई देशबीचको दीर्घकालीन रणनीतिक साझेदारीलाई अझ गहिरो बनाउने महत्त्वपूर्ण कदमका रूपमा वर्णन गर्दै उच्चस्तरीय वार्षिक शिखर सम्मेलनको परम्परामा पुनरागमन भएको बताउनुभएको थियो।

यसैबीच, क्रेमलिनका प्रवक्ता दिमित्री पेसकोभले भ्रमणका क्रममा अतिरिक्त एस-४०० लामो दूरीको एन्टी-एयरक्राफ्ट मिसाइल सिस्टमको बिक्रीसम्बन्धी प्रस्ताव एजेन्डामा हुनसक्ने बताउनुभएको छ। उहाँले भन्नुभयो “रुसी हतियारहरू भारतीय सेनाको करिब ३६ प्रतिशत हिस्सा छन् र यो सहकार्य अझ विस्तार हुने अपेक्षा गरिएको छ।” रुसले भारतलाई पाँचौं पुस्ताको अत्याधुनिक स्टिल्थ लडाकू बिमान एसयु-५७ प्रदान गर्ने सम्भावनाबारे पनि छलफल गर्ने आशा व्यक्त गरेको छ। पेसकोभका शब्दमा, “एसयु-५७ विश्वकै उत्कृष्ट बिमानमध्ये एक हो र यसको विषयमा छलफल हुनसक्नेछ।” पेसकोभले रणनीतिक क्षेत्रको सहकार्यबारे ब्रह्मोस मिसाइल परियोजनालाई उदाहरण दिँदै हतियार उत्पादन मात्र नभई उच्च प्रविधिको आदानप्रदान नै दुई देशबीचको सहकार्यको आधार भएको बताउनुभयो। उहाँका अनुसार भारत-रुसबीच आणविक उर्जा क्षेत्रमा पनि नयाँ सम्झौता हुनसक्नेछ। हाल दुवै देशले सन् २०३० सम्म द्विपक्षीय व्यापार एक खर्ब डलरसम्म पुर्‍याउने लक्ष्य राखेका छन्। सन् २०२४-२५ मा भारत-रुस व्यापार ६८ अर्ब ७० करोड डलर पुगेको छ।

# मधेसका ४०३ परिवार ग्रामीण विद्युतीकरण कार्यक्रमबाट लाभान्वित

सर्लाही, १८ मंसिर (रासस)। सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रमबाट मधेसका ४०३ परिवार लाभान्वित भएका छन्। महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक उपार्जनका लागि भन्दै एसियाली विकास बैंकको सहयोगमा मधेसका आठ जिल्लाका आठ पालिकामा सञ्चालित कार्यक्रमबाट ४०३ परिवार लाभान्वित भएका हुन्।

आयोजना प्रमुख रणधीर पाठकका अनुसार अहिले मधेसका आठ जिल्लाका आठ पालिकामा उक्त कार्यक्रम सञ्चालन गरिएको छ। महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिकस्तर उठाउने, उद्यमशील बनाउने तथा आर्थिक आयआर्जनमा जोड्ने उद्देश्यले सन् २०२२ देखि परियोजना सुरु भएको उहाँले जानकारी दिनुभयो।

एसियाली विकास बैंक, नर्वे सरकार र नेपाल विद्युत् प्राधिकरणको साझेदारीमा सर्लाहीको बागमती नगरपालिका, सप्तरीको कञ्चनपुर नगरपालिका, सिरहाको लाहान नगरपालिका, धनुषाको बटेश्वर गाउँपालिका, महोत्तरीको बर्दिवास नगरपालिका, रौतहटको चन्द्रपुर नगरपालिका, बाराको कलैया उपमहानगरपालिका र पर्साको पटेर्वा सुगौली गाउँपालिकामा सञ्चालित सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रम सञ्चालन गरिएको नेपाल विद्युत् प्राधिकरण मधेस प्रदेशका प्रमुख शम्भु कुसियत यादवले जानकारी दिनुभयो।

उहाँका अनुसार महिला, विपन्न र सीमान्तकृत समुदायको आर्थिक तथा सामाजिकस्तर सुधार गरी सहज रूपमा जीविकोपार्जन गराउन, विद्युत् सेवा सुधार गर्न, प्रविधिसँगै सीप र क्षमता विकास गर्दै उद्यमी बनाउन तथा प्रोत्साहन गर्न कार्यक्रम सञ्चालन गरिएको हो।

सप्तरीका ४८, सिरहाका ५२, धनुषाका ४७, महोत्तरीका ५२, सर्लाहीका ५०, रौतहट ५३, बाराका ४८ र पर्साका ५३ परिवार सामुदायिक तथा ग्रामीण विद्युतीकरण कार्यक्रममा जोडिएका उहाँले जानकारी दिनुभयो।

विकासको मूलधारबाट पछाडि परेका समुदायस्तरमा विद्युत् पहुँच विस्तार भएसँगै आफूहरू विकासको गतिसँग जोडिएको अनुभूति भएको स्थानीयको भनाइ छ। सरकारले बिजुली वितरणका लागि मात्रै सामूहिक वा सहकारी संस्था बनाउने नभई स्थानीय तहमा लघु विद्युत् आयोजना निर्माण गर्न प्राविधिक र आर्थिक सहयोग गर्नुपर्ने स्थानीयले आवश्यकता औँल्याएका छन्।

ग्रामीण विद्युतीकरण कार्यक्रमले ग्रामीण क्षेत्रमा हजारौँ साना उद्योग सञ्चालनमा सहयोग पुग्नुका साथै गरिबी निवारणमा सहयोग पुर्‍याएको छ। ग्रामीण विद्युतीकरणमा लागेका सहकारी संस्थाहरू सबल बन्नुपर्ने, विद्युत् महसुल उठाउने काम पारदर्शी बनाइनुपर्ने, सरोकार भएका निकायबीच सहकार्य र समन्वय हुनुपर्नेमा स्थानीयले जोड दिएका छन्।

# घोषित मितिमै निर्वाचन गर्ने लक्ष्यसहित सरकार अघि बढ्दैछ : प्रधानमन्त्री कार्की

काठमाडौँ, १८ मङ्सिर (रासस)। प्रधानमन्त्री सुशीला कार्कीले सरकारले घोषित मितिमै निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित तयारी गरिरहेको बताउनुभएको छ।

२२औँ ज्यापु दिवसका अवसरमा ज्यापु संस्कृति विकास कोषद्धारा बिहीबार यहाँ आयोजित कार्यक्रममा प्रधानमन्त्री कार्कीले फागुन २१ गते हुने निर्वाचनमार्फत सत्ता युवापुस्ताको हातमा हस्तान्तरण गर्दै देशलाई दूत विकासको बाटोमा अघि बढाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो।

भदौ २३ र २४ गतेको जेनजी आन्दोलनबाट धेरै पाठ सिकिएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले जनआन्दोलनका चाहनालाई पूरा गर्न सबै पक्ष एकजुट हुन आह्वान गर्नुभयो। "सरकारले आगामी फागुन २१ गते आमनिर्वाचन गराइ युवा शक्तिको हातमा सत्ता सुम्पेर मुलुकलाई तीव्र विकासको मार्गमा लैजानु नै हाम्रो दायित्व हो", उहाँले भन्नुभयो, "त्यसैले घोषित मितिमा निर्वाचन सम्पन्न गर्ने लक्ष्यसहित सरकार पूर्णरूपमा तयारीमा जुटिरहेको छ। यस अभियानलाई सफल बनाउन सबै नेपालीको सहयोग अपेक्षा गर्दछु।"

उहाँले ५०० भन्दा बढी गुठीहरूले सम्हाल्दै आएको सांस्कृतिक परम्परा, जात्रा-पर्वलाई संरक्षण र प्रवर्द्धन गर्न स्थानीय तहको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्नुभयो। त्यसका लागि सरकारले सक्दो सहयोग र सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रधानमन्त्री कार्कीले दिवसका अवसरमा शुभकामना व्यक्त गर्दै संस्कृतिलाई पर्यटनसँग जोडेर अन्तरराष्ट्रिय बजारमा प्रवर्द्धन गर्ने क्रममा मौलिक नीतिहरूलाई जोगाउन विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो।

# करिब १.७ मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुँदै

काठमाडौँ, १८ मङ्सिर (रासस)। नेपालमा प्रतिवर्ष माथिल्लो सतहको करिब एक दशमलव सात मिलिमिटर माटो भूक्षयका कारण ह्रास हुने गरेको छ।

कृषि विभागले उपलब्ध गराएको तथ्याङ्कअनुसार नेपालको माटोमा औषत दुई दशमलव ५९ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको हो। गत वर्ष नेपालको माटोमा औषत दुई ७७ प्रतिशत प्राङ्गारिक पदार्थ पाइएको थियो।

उक्त तथ्याङ्कअनुसार देशभर करिब २८ प्रतिशत माटोमा नाइट्रोजन कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च पाइएको छ। तराईको माटोमा हिमाल र पहाडको तुलनामा नाइट्रोजनको मात्रा कम पाइएको छ। फस्फोरसको स्तर करिब ३५ प्रतिशत माटोमा कम, २१ प्रतिशत माटोमा मध्यम र ४४ प्रतिशत माटोमा उच्च पाइएको छ।

पोटासको स्तर करिब २८ प्रतिशत माटोमा कम, ४८ प्रतिशत माटोमा मध्यम र २४ प्रतिशत माटोमा उच्च रहेको देखिन्छ। देशको अधिकांश माटोमा प्राङ्गारिक पदार्थको मात्रा कम पाइएको छ। करिब ३७ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम ४५ प्रतिशत माटोमा मध्यम र १८ प्रतिशत माटोमा उच्च मात्रामा पाइएको हो।

कृषि विभागका महानिर्देशक प्रकाश सन्जेलका अनुसार पूर्वी नेपालको माटो पश्चिम नेपालको तुलनामा बढी अम्लीय रहेको छ। गत वर्ष करिब ५३ प्रतिशत माटो अम्लीय, करिब ३३ प्रतिशत माटो तटस्थ र करिब १४ प्रतिशत माटो क्षारीय प्रकृतिको पाइएको थियो।

विशेषगरी तराईको माटोमा हिमाल र पहाडको तुलनामा प्राङ्गारिक पदार्थको मात्रा कम छ। गत वर्ष ३६ दशमलव नौ प्रतिशत माटोमा प्राङ्गारिक पदार्थ कम, ४६ दशमलव सात प्रतिशत माटोमा मध्यम र १६ दशमलव चार प्रतिशत माटोमा उच्च मात्रामा प्राङ्गारिक पदार्थ पाइएको थियो।

# एमालेले महाधिवेशनमा विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने

काठमाडौँ, १८ मङ्सिर (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले आसन्न ११औँ राष्ट्रिय महाधिवेशनमा नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने भएको छ।

एमाले उपमहासचिव प्रदीप ज्ञवालीले नेतृत्व चयन प्रक्रिया छिटो छरितो बनाउन यसपटक पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने बताउनुभयो। एमालेले यसअघि चितवनमा सम्पन्न १०औँ राष्ट्रिय महाधिवेशनमा पनि विद्युतीय भोटिङ मेसिन प्रयोग गरेको थियो।

"हामीले नेतृत्व चयनका लागि विद्युतीय भोटिङ मेसिन प्रयोग गर्ने निर्णय गरेका छौँ" उहाँले भन्नुभयो, "टेण्डर आव्हान भइसकेको छ। चाँडै नै कुन कम्पनीले गर्ने भन्ने निर्णय हुन्छ।"

महाधिवेशनले यसपटक एमालेमा १५ पदाधिकारीसहित २५१ जना केन्द्रीय कमिटी चयन गर्ने छ। गत भदौमा सम्पन्न दोस्रो विधान महाधिवेशनले पारित विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटी सङ्ख्या घटाएको थियो। एमाले महाधिवेशनमा करिब दुई हजार २०० प्रतिनिधि सहभागी हुने छन्।

एमाले महाधिवेशन यही मङ्सिर २७ देखि २९ गतेसम्म काठमाडौँमा हुँदै छ। महाधिवेशनको बन्दसत्र भने भृकुटीमण्डपमा हुने जनाइएको छ।

# इन्फ्लुएन्जा 'फ्लू'बाट बच्न आग्रह

काठमाडौँ, १८ मंसिर (रासस)। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले इन्फ्लुएन्जा (फ्लू)बाट बच्न आग्रह गरेको छ। मन्त्रालयले चिसो बढेसँगै इन्फ्लुएन्जा (फ्लू) सङ्क्रमण बढ्ने भएकाले बच्न आग्रह गरेको हो।

जाडोमा धेरै सक्रिय हुने यो भाइरसले शिशुदेखि जवान, अधबैँसे र वृद्धवृद्धासमेत सबै उमेरका व्यक्तिलाई फ्लू लाग्न सक्छ। मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले विशेष गरि बालबालिका, ज्येष्ठ नागरिक तथा रोग प्रतिरोधात्मक क्षमता कम भएका मानिसमा इन्फ्लुएन्जा भाइरस सङ्क्रमणको सम्भावना बढी हुने गरेको बताउनुभयो।

उहाँका अनुसार फ्लू भएका अधिकांश व्यक्तिलाई चिकित्सकको हेरचाह वा एन्टिभाइरल औषधि आवश्यक नपर्ने हुन्छ। तर दीर्घ रोगी, गर्भवती, वृद्धवृद्धा तथा रोग प्रतिरोधात्मक क्षमता कम भएकालाई फ्लूले धेरै असर गर्ने र अवस्था जटिल बनाउने भएकाले त्यस्ता व्यक्तिलाई स्वास्थ्यकर्मीको निगरानीमा राख्नुपर्ने हुन्छ।

**कसरी सर्छ ?**

फ्लू भएका व्यक्तिले बोल्दा, खोक्दा, हाच्छिउँ गर्दा निस्किएका छिटा नजिकको व्यक्तिको नाक वा मुखमा परेमा भाइरस सर्न सक्छ। ती छिटा सासबाट फोक्सोमा पनि जान सक्छन्। भाइरस भएको कुनै सतह छोएर आफ्नो मुख वा नाक छुँदा पनि फ्लू लाग्न सक्छ।

**लक्षण**

ज्वरो आउनु, टाउको दुख्नु, खोकी लाग्नु र घाँटी दुख्नु, नाक बन्द हुनु वा सिँगान बग्नु, जिउ र मांसपेशी दुख्नु, थकान महसुस हुनु हो।

**रोकथाम**

बिरामी भएका व्यक्तिहरुसँग भौतिक दूरी राख्ने, खोक्दा वा हाच्छिउँ गर्दा आफ्नो मुख र नाक छोप्ने, शारीरिक रुपमा सक्रिय हुने र प्रशस्त तरल पदार्थ र पौष्टिक खाना खाने, सम्भव भएसम्म बिरामी हुँदा घरमै बस्ने गर्नुपर्दछ। यस्तै बेलाबेलामा साबुनपानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, आफ्नो आँखा, नाक वा मुख नछुने गर्नुपर्दछ।

***एमालेमा नीति ...***

क्षमता वर्तमान अध्यक्ष केपी शर्मा ओलीमा रहेको छ'', उहाँले भन्नुभयो, "त्यस अर्थमा हामी मूल नेतृत्वलाई सघाउने गरी सामुहिक नेतृत्वको प्रणालीमा अघि बढ्नेछौँ। बाहिर चर्चामा आए जस्तो प्रतिस्पर्धा गर्न पाइदैन या चुनाव हुँदैमा पार्टीमा समस्या आउँछ भन्ने कुरा यथार्थ होइन।''

त्रएमालेको महाधिवेशनमा आयोजक र निर्वाचित गरी करिब दुई हजार ४०० प्रतिनिधि रहनेछन्। यही मङ्सिर २७ देखि २९ गतेसम्म हुने महाधिवेशनको उद्घाटन भक्तपुरको सल्लाघारी र बन्दसत्र काठमाडौँको भृकुटीमण्डपमा हुनेछ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*